## बूढानीलकण्ठ नगरपालिका

## बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड :- ३ सङ्ख्या : १३ मिति : २०७७।६।७**

## भाग :-२


## कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरण प्रवर्द्धनसम्बन्धी कार्यविधि ,२०७७

**प्रस्तावना :** बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७७/८८ को बजेट कार्यक्रम कार्यान्वयन गर्न र कृषि उत्पादन लागत घटाउन, कृषकहरूलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न, साथै कृषिलाई आधुनिक, व्यवसायिक र प्रतिष्पर्धी बनाउन आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यस कार्यविधिलाई नगर कार्यपालिकाको मिति २०७७।०६।०५ को बैठकले स्वीकृत गरी लागू गरेको छ।

### परिच्छेद —१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**(१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आपुर्तिकर्ता"** भन्नाले कृषि यन्त्र उपकरण उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक, डिलरलाई सम्झनु पर्छ ।

(ख) **"आपुर्तिकर्ता मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(ग) **"कृषि यन्त्र उपकरण"** भन्नाले बाली, मत्स्य, मौरी आदी जस्ता कृषि उपजहरूको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेन्टलाई सम्झनु पर्छ ।

(घ) **"स्थानीय तह"** भन्नाले बूढानीलकण्ठ नरपालिका सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(ज) **"साझेदार "** भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषक समूह , कृषि सहकारी, निजी कृषि फर्म ,कृषि उद्यमी आदिलाई सम्झनु पर्छ ।

(ट) **"स्वलगानी"** भन्नाले साझेदारले अनुदान बाहेकको व्यहोर्ने रकमलाई सम्झनु पर्छ ।. **<u>कार्यक्रमको उद्देश्यः</u>** यस कार्यबिधिको उद्देश्य देहाय बमोजिम हुनेः-

(क) कृषि उत्पादनमा लागत घटाउने,
(ख) युवाशक्तिलाई उत्पादनमा आकर्षण गर्ने,
(घ) कृषि कर्ममा यान्त्रीकरण प्रवर्द्धन गर्ने,
(ङ) कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
(च) कृषिलाई आधुनिक, व्यवसायीक र प्रतिस्पर्धी बनाउने ।

## परिच्छेद-२
## <u>कार्यक्रम सञ्चालनको प्रक्रिया</u>

४. **<u>कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरणका लागि प्रस्ताव आव्हानः</u>** (१) नगरपालिकाले कृषि यन्त्र उपकरणको आपूर्ति गर्न ५लाख भन्दा माथिको सामाग्री खरिद गर्नपरेमा टेन्डर आव्हान गरी ईच्छुक आपूर्तिकर्ताबाट टेन्डर प्रस्ताव पेश गर्न पन्ध्र दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बैक ग्यारेन्टी वा सो बराबरको रकम धरौटी, निवेदन र अनुसुची-३ अनुसारको प्रस्ताव पेश गर्नुपर्नेछ ।

**५. <u>आपूर्तिकर्ता मूल्याङ्कन समितिः</u>** (१) प्रस्ताव मूल्याङ्कन गरी कृषि यन्त्र तथा सोको आपूर्तिकर्ताहरू/साझेदारहरू छनौट गर्न नगरपालिकामा देहाय बमोजिमको समिति गठन हुनेछः-

(क) श्री अधिकृत स्तर छैटौ, कृषि बिकास शाखा बू.न.पा. -संयोजक
(ख) श्री अधिकृत स्तर छैटौ, प्रशासन शाखा, बू.न.पा. -सदस्य
(ग) श्री अधिकृत स्तर छैटौ लेखा शाखा बू.न.पा. -सदस्य
(घ) श्री अधिकृत स्तर छैटौ योजना शाखा बू न पा -सदस्य
(ङ) श्री कृषि प्राविधिक चौथो/ पाँचौ,कृषि बिकास शाखा बू.न.पा. -सदस्य सचिव

(२) मूल्यांकन समितिले आवश्यकता अनुसार चार जना सल्लाकारलाई समितको बैठकमा आमन्त्रण गर्न सक्ने छ । कार्यक्रम प्रभावकारीताको अनुगमनको लागि श्री प्रमुख प्रशासकीय अधिकृत/योजना अधिकृत/लेखा अधिकृत/प्रशासन शाखा प्रमुखलाई नमन्त्रणा गर्न सक्ने ।

**<u>निवेदन माग तथा कार्यक्रम सञ्चालन :</u>** (१) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरण लिन चाहने साझेदारका लागि निवेदन दिन पन्ध्र दिनको म्याद दिई कृषि बिकास शाखाले अनुसूची-१ बमोजिम नगरपालिका र वडाहरूको सूचना वोडमा सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्नेछ।

(२) अनुदान सहयोग लिन चाहने साझेदारले अनुसूची-४ बमोजिम तोकिएको म्याद भित्र सम्बन्धित कृषि बिकास शाखामा निवेदन दिनु पर्नेछ ।

**७. <u>मुल्याङ्कन समितिः</u>**

(१) प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरू तयार गरी स्वीकृतिका लागि आपुर्ति मुल्याङ्गकन समितिले प्राप्त प्रस्तावहरू तोकिएको मापदण्डबमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने ।

(२)**मुल्याङ्कनका आधारहरुः**

- मिन टिलरको हकमा कम्तीमा ३ रीपनीमा खेती गरीएको हुनु पर्ने ।
- पावर टिलरको हकमा ५ रोपनी भन्दा बढी क्षेत्रफलमा खेती गरीएको हुनु पर्ने छ ।
- कृषि फार्म दर्ता तथा कृषि बिकास शाखामा दर्ता भएको कृषक समूहमा आवद्ध हुनु पर्ने ।
- सहकारीको हकमा कृषि सहकारी हुनु पर्ने छ ।

८. **सम्झौता**ः (१) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसुची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुन: सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. **साझेदारको दायित्व** : नगरपालिकाले छनौट गरेका साझेदारले कृषि यन्त्र उपकरण बुझ्ने समयमा स्वलगानीतर्फको रकम सम्झौता भएका आपुर्तिकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ । साथै अनुसूची-६ बमोजिमको सम्झौता गर्नुपर्नेछ ।

१०. **भुक्तानी प्रक्रिया** : आपूर्तिकर्ता र साझेदार बीच अनुसूची - ७ अनुसार सम्झौता गरि अनुदान रकम भुक्तानी लिन साझेदारले स्वलगानीतर्फको रकम आपूर्तिकर्ताको बैंक खातामा जम्मा गरेको सक्कल भौचर, अनुसूची- ५ बमोजिमको विवरण र त्यसमा उल्लेख भएका कागजातहरू नगरपालिकामा पेश गर्नुपर्नेछ ।यसरी पेश भएको विवरण र कागजातको आधारमा नगरपालिकाले आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

११. **आपूर्तिकर्ताको दायित्व** : कृषि यन्त्र उपकरण आपूर्ति गर्न आपूर्तिकर्ताले अनुसूची -८ को ढाँचामा प्रत्येक कृषि यन्त्र उपकरणमा स्पष्ट देखिने गरी लामो समय सम्म टिकाउ हुने स्टिकर टाँस्नु पर्नेछ ।

१२. **विशेष प्राथमिकता**

(१) महिला कृषक, जनजाति तथा दलित समुदाय रहेको समूह/सहकारी निजी फर्मलाई प्राथामिकता दिइनेछ ।

१३. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन कृषि विकास शाखाको प्राविधिक र आर्थिक विकास समितिको सदस्यहरूले गर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालनको आर्थिक तथा अन्य पक्ष

१४. **कार्यक्रम संचालनको आर्थिक पक्ष:** (१) स्वीकृत वार्षिक कार्यक्रमा बजेटको व्यवस्था भए बमोजिम रु. दश हजार भन्दा कम मूल्य पर्ने कृषि यन्त्र उपकरणमा पचहत्तर प्रतिशत अनुदान उपलव्ध गराइनेछ ।

(२) स्वीकृत वार्षिक कार्यक्रमा बजेटको व्यवस्था भएबमोजिम रु.दश हजार भन्दा बढी मूल्य पर्ने कृषि यन्त्र उपकरणहरूमा परल मुल्यमा पचास प्रतिशत अनुदान उपलव्ध गराइनेछ ।

(३) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, आदि कार्यमा खर्च गर्नेछ ।

१५. **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने आपूर्तिकर्तालाई नगरपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्र उपकरणहरूको दुरुपयोग गरेमा त्यस्ता साझेदारबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१६. **संशोधन:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा नगरपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची - १**

**(दफा ६ सँग सम्बन्धित)**

**<u>साझेदारको लागि प्रस्ताव आव्हानको सूचना</u>**

प्रथम पटक प्रकाशित मितिः २०७७/ /

बूढानीलकण्ठ नगरपालिका कृषि विकास शाखाको आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि , २०७७ अनुसार कृषि यान्त्रीकरण तथा औजार उपकरण खरिद गर्न बूढानीलकण्ठ नगरपालिकाका कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको १५ दिनभित्र कार्यालय समय भित्र बूढानीलकण्ठ नगरपालिकाको कृषि विकास शाखामा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**<u>पेश गर्नुपर्ने कागजातहरूको विवरणः</u>**

१. रु.१०।-को हुलाक टिकट टाँस गरेको निवेदन,
२. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
३. आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
५. साझेदारहरूको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ,
६. गत आ.व. को कर चुक्ता प्रमाण पत्र,
७. साझेदारको निर्णय प्रतिलिपि,
८. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

## अनुसूची-२

## अनुदानमा वितरण गरिने कृषि यान्त्रिकरणकोहकमा

### क. खाद्यान्न बाली, तरकारी, बालीको लागि

| सि.नं. | कृषि मेशिनरी, **यान्त्रिकरणको** नाम | क्षमता ( hp) /आदि |
|---|---|---|
| १. | मिनिटिलर | |
| २. | पावर टिलर | |
| ३. | थ्रेसर | |

## अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

## कृषि यन्त्र उपकरणको आपूर्तिका लागि आवेदन फारम

१। फर्मको नाम : ..........................................................................................

२। प्रधान/केन्द्रिय कार्यालयको ठेगाना : .....................................................................

फोन नं. .......................................... फ्याक्स नं. ........................................

३। आधिकारिक व्यक्ति : ...................................................................................

पद : ...........................................................................................................

फोन नं. ............................ मोबाईल नं. ........................... फ्याक्स नं. .................

ईमेल ठेगाना : ..............................................................................................

४। फर्मको दर्ता नं. : ................ दर्ता गरिएको कार्यालय : .............................................

मितिः ..............................................................................................

५। पान/भ्याट दर्ता नं. : ............................ मिति : ..................................................

६। व्यापारको प्रकार/उद्देश्य : ...............................................................................

७। विगत ३ वर्षको वित्तिय अवस्था (विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन सँलग्न गर्ने) :
वासलातको विवरण

| **आ.व. ...** | **१** | **२** | **३** |
|---|---|---|---|
| जम्मा सम्पत्ति | | | |
| जम्मा दायित्व | | | |
| कूल सम्पत्तिको मूल्य | | | |
| चालु सम्पत्ति /पुजीं | | | |
| चालु दायित्व | | | |

आयको विवरण

| **आ.व. ......** | **१** | **२** | **३** |
|---|---|---|---|
| जम्मा आम्दानी | | | |
| आयकर अघिको नाफा | | | |
| आयकर कट्टि पछिको नाफा | | | |

वित्तिय स्रोतहरु (सँलग्न गर्ने आवश्यक परेमा)

| क्र.सं. | वित्तिय स्रोतहरु | रकम |
|---|---|---|
| | | |
| | | |
| | | |

**नोट :-** बैंकको पत्र निशर्त हुनुपर्दछ ।

८। कार्यरत जनशक्तिको क्षमता :

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता ( सर्टिफिकेटको फोटोकपी सँलग्न राख्ने)* | अनुभव (वर्ष) |
|---|---|---|---|---|
| | | प्रबन्धक | | |
| | | लेखा/बिक्रेता/मार्केटिङ्ग | | |
| | | ईन्जिनियर/सब-ईन्जिनियर/मेकानिक्स | | |

* सि.भि. र सर्टिफिकेट सँलग्न गर्नुहोला अन्यथा मूल्यांकनको लागि छनौट हुने छैन ।

९। फर्मले उपलब्ध गराउन सक्ने उपकरणहरुको दर तथा विस्तृत विवरणहरु अनुसूची-१ अनुसार (उपयुक्त क्याटालग, स्पेशिफिकेसन आदि सँलग्न राख्ने) :

| उपकरणको स्पेशिफिकेसन विवरण | उपकरणको नाम | ब्रान्ड | मोडल | पावर, एच.पि. | प्रति इकाई लागत (भ्याट र ट्याक्स सहित) | | उपकरण बाकस सहित निशुल्क स्पेयर पार्ट | बिक्रि पश्चात निशुल्क सर्भिस (पटक) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | दर (अंकमा) | दर (अक्षरमा) | | |
| | | | | | | | | |
| | | | | | | | | |

१०। फर्मले उपलब्ध गराउन सक्ने उपकरणहरुको उपलब्धता अनुसूची-१ अनुसार (एक आ.व.को लागि मात्र) :

| क्र.सं. | उपकरणको नाम | ब्रान्ड | मोडल | स्टकमा उपलब्ध (संख्या) | एक आ.व.मा उपलब्ध गराउन सक्ने संख्या | दर (अंकमा) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

- एक आ.व.मा फर्मले उपलब्ध गराउन सक्ने जम्मा रकमको २.५% को दरले हुन आउने रकमको दाखिला भौचर वा बैंक ग्यारेन्टी समावेश गर्ने अन्यथा फर्म मूल्यांकनको लागि योग्य हुने छैन ।

११। स्पेयर पार्टहरुको उपलब्धता (आवश्यक परेमा छुट्टै पाना समावेश गर्ने) :

| क्र.सं. | स्पेयर पार्टको नाम | संख्या | दर (अंकमा) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१२। प्रत्येक उपकरण तथा मेशिनरीहरुको पर्फरमेन्श जाँच सर्टिफिकेट :

उपलब्ध सम्पूर्ण स्पेयर पार्टहरुको रकम रु..........................................(मूल्यांकनको लागि कोडेट हुनुपर्दछ )

१३। देशभित्र रहेका डिलरहरु, शाखाहरु तथा बिक्रेताहरु :

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क व्यक्ति | ईमेल | फोन नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

- फर्मसँगको सम्झौता-पत्र, पान वा भ्याट दर्ता आदिको प्रतिलिपी सँलग्न गर्ने अन्यथा मूल्यांकनको लागि मान्य हुने छैन ।

१४। सर्भिस सेन्टरहरु :

| क्र.सं. | नाम | जिल्ला | उपलब्ध हुने सेवाहरु | ठेगाना | सम्पर्क व्यक्ति | ईमेल | फोन नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

- फर्मसँगको सम्झौता-पत्र, पान वा भ्याट दर्ता आदिको प्रतिलिपी सँलग्न गर्ने अन्यथा मूल्यांकनको लागि मान्य हुने छैन ।

१५। व्यवसायिक/पेशागत अनुभवहरु :

१६। बिशिष्ट/अन्य अनुभवहरु (कृपया आवश्यक/सहयोगी कागजातहरु समावेश गर्नुहोला) :

प्रस्तुत गरिएका सबै कुरा सत्य हुन, झुटा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

| कार्यालयको छाप |
|---|

(आधिकारिक व्यक्तिको सहि)

नाम : ...............................

पद : ...................................

**अनुसूची – ४**

**( दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>अनुदानमा कृषि यान्त्रिकरण तथा औजार उपकरण प्राप्त गर्न चाहने साझेदारले बूढानीलकण्ठ नगरपालिकाको कृषि बिकास शाखामा पेश गर्ने निवेदनको ढाँचा</u>**

मिति:

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
बूढानीलकण्ठ नगरपालिका
काठमाडौ ।

विषय : कृषि यन्त्र उपकरण तथा औजार अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/ हामीलाई कृषि क्षेत्रमा उपयोग गर्नका लागि "कृषि यान्त्रिकरण ताथ औजार उपकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७" अनुसार मिति......................प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र तथा औजार उपकरणहरू प्रारम्भिक छनौटको फाराममा भरी कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु / छौ ।

१.
२.
३.

<u>निबेदक</u>
दस्तखत :
नाम :
साझेदारको नाम :
पद :
सम्पर्क न
साझेदारको छाप :

# कृषि यान्त्रीकरण तथा औजार उपकरण अनुदानमा लिन साझेदार संस्थाले प्रारम्भिक छनौटको लागि भर्ने फारम

(क) साझेदारको विवरण :

१. संस्थाको नाम :-……………………………………अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्र. प. न. ………………………………/ जारी मिति…………………..………………

२. दर्ता नं. ………… दर्ता मिति ……………..….. दर्ता निकाय …………………..…………

३. स्थायी ठेगाना :- जिल्ला ……………गाँउ/ नगरपालिका……………वडा नं. …… टोल ……...

४. हालको ठेगाना :- जिल्ला ……………गाँउ/ नगरपालिका……………वडा नं. …… टोल …….

५. सम्पर्क : मोबाईल नं. ………………….. फोन नं. …………………ईमेल …………………...

६. सम्पर्क व्यक्तिको नाम :- ……………………... पद: ……………… मोबाईल नं. …………...

७. साझेदारको PAN No. ……………………………………

८. सदस्य संख्या : महिला ………… पुरुष ……………… दलित ………… जनजाती …………

९. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ……………………. अप्रत्यक्ष ………………………….

१०. प्राप्त गर्न चाहेको कृषि यान्त्रीकरण तथा औजार उपकरणहरूको विवरण

| सि. नं. | आपूर्तिकर्ताको नाम | यन्त्र/औजार/उपकरणको नाम | ब्राण्ड | मोडल | हर्ष पावर / साईज/लिटर | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

११. प्राप्त कृषि यान्त्रीकरण तथा औजार/उपकरणहरू उपयोग गर्ने ………………………………… क्षेत्र :

| सि. नं. | जिल्ला | गाँउ/ नगरपालिका |
|---|---|---|
| | | |
| | | |

१२. कृषि यान्त्रीकरण तथा औजार/उपकरण अनुदानमा लिन म / हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रममा संग्लन हुन सहमत छु / छौं ।

माथि पेश गरेको विवरण ठिक साँचो छ , झुठा भएमा कानुनी कार्वाही भएमा राजी छु / छौं । मलाई / हामीलाई त्यस नगरपालीकावाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु / छौं ।

निवेदकको सही : …………………….

मिति : ……………………………….

संस्थाको छाप

## अनुसूची-५

## ( दफा १० सँग सम्बन्धित)

## अनुदान रकम भुक्तानी आवेदन फाराम

आपुर्तिकर्ताको प्रयोजनको लागि

१. जिल्ला ……………………… गाँउ/नगरपालिका …………………………बस्ने साझेदार श्री ……………………………….. छनौट भई माग गरे बमोजिम कृषि यन्त्र /औजार/उपकरण …………………को खरीद / बिक्री मूल्य रु. ……………………पर्नेको अनुदान स्वरुप रु ………………… अक्षरेपी …………………………………........... को कृषि यन्त्र /औजार/उपकरण यस आपूर्तिकर्ताबाट उपलब्ध गराईएको छ ।

२. कृषि यन्त्र उपकरण बुझिलिनेको नाम………………………… सही…………………
मिति………………………… छाप………………………………………

३. साझेदारबाट व्यहोर्ने अनुदान बाहेकको रकम………………………………
अक्षरेपी……………………………………………………………………आपूर्तिकर्ताको ……………………………………बैंक……………………ठेगानामा रहेको खाता न. …………………………………………………… मिति………………………मा जम्मा गरेको सक्कल भौचर ।

आपूर्तिकर्ताको नाम र ठेगाना :- ……………

आपूर्तिकर्ता छाँप

आधिकारिक व्यक्तिको सही :- ………………

आधिकारिक व्यक्तिको नाम :- ………………

दर्जा :- ………………

कृषि बिकास शाखाको प्रयोजनको लागि

४. उपरोक्तानुसार भएको देखिएकोले कृषि यान्त्रीकरण अनुदान रकम रु. …………… अक्षरेपी ………………………………………………. आपूर्तिकर्ताको नाममा भुक्तानी प्रयोजनार्थ सिफारिश गर्दछु।

सही :- ………………………

दर्जा :- ……………………..

स्वीकृत गर्ने अधिकारी :- ………….……

मिति :-………………………

## अनुसूची-६
### ( दफा ९ सँग सम्बन्धित)
### साझेदार र बूढानीलकण्ठ नगरपालिका कृषि बिकास शाखा बीचको सम्झौता-पत्र

**बूढानीलकण्ठ नगरपालिका** कृषि बिकास शाखा को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषिमा यान्त्रिकरण तथा औजार उपकरण प्रवर्द्धन, सहयोग तथा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालनको लागि मिति .......... .......... राष्ट्रिय दैनिक /स्थानिय साप्ताहिक /स्थानिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरू मध्ये श्री ............. . . . . . . . . . . . . को प्रस्ताव छनौट भएको हुंदा कृषि बिकास शाखा,............................... (यसपछि प्रथम पक्ष भनिने) र श्री ...................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरू पालना गर्ने गरी कार्यक्रम संचालनका लागी द्वि–पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं ।

**तपशिलः**

१. दोश्रो पक्षले आपूर्तिकर्ता मूल्याङ्कन समितिबाट छनौट भएको आपूर्तिकर्ताबाट............................ कृषि यन्त्र उपकरण तथा औजार खरिद गर्नु पर्नेछ।

२. प्रथम पक्षले कृषि यन्त्र उपकरण तथा औजारको परल मूल्यको ५० देखि ७५ प्रतिशत सम्मको अनुदान रकम बराबर कृषि यन्त्र उपकरण उपलब्ध गराउनेछ ।

३. दोश्रो पक्षले चाहेको कृषि यन्त्र उपकरणको परल मूल्यको २५ देखि ५० प्रतिशत सम्मको रकम स्वलगानी गर्नुपर्नेछ ।

४. दोश्रो पक्षले खरिद गर्न चाहेको कृषि यन्त्र उपकरण तथा औजारको स्वलगानी रकम..................... छनौट भएका आपूर्तिकर्ता .....................................................खातामा जम्मा गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले जम्मा गरेको रकमको सक्कल भौचर सम्बन्धित छनौट भएका आपूर्तकर्तालाई पेश गर्नु पर्नेछ ।

६. कृषि यन्त्र उपकरण ल्याईसकेपछि बिग्रिएमा, टुटफुट भएमा दोश्रो पक्ष स्वयमले मर्मत गर्नुपर्नेछ ।

७. कार्यक्रम संचालननका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरू तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| साझेदारः | कार्यालयः |
| साझेदारको छापः | कार्यालयको छापः |

इति सम्वत् ....... . . ...... साल ........ . . . ...... महिना ......... गते रोज ........ शुभम् ।

अनुसूची -७

( दफा १० सँग सम्बन्धित)

**<u>साझेदार र आपूर्तिकर्ता बीचको सम्झौता-पत्र</u>**

यो सम्झौता मिति २०७७/ / (त्यसपछि आपूर्तिकर्ता भनिने) र ..............................................................................................(त्यसपछि साझेदार भनिने) बिच कृषि यन्त्रीकरण तथा कृषि औजारहरू उपकरण अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि "कृषि यान्त्रीकरण उपकरण तथा औजार प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७७" वमोजिम मूल्याङ्कन समितिबाट छनौट भएका कृषि यन्त्र, उपकरण तथा औजारहरूको मोडेल, ब्राण्ड/लिटर र क्षमताको स्वलगानी तर्फको रकम सम्बन्धित छनौट भएका आपूर्तिकर्ताहरूको खातामा जम्मा गर्न सहमत भई तपशिलका शर्तहरूको अधिनमा रही यो सम्झौता गरिएको छ ।

शर्तहरुः

१) स्वीकृत "कृषि यान्त्रीकरण/ औजार तथा कृषि औजार उपकरण प्रर्वद्धन सम्बन्धी कार्यविधि, २०७७" यस सम्झौताको अभिन्न अंग मानिनेछ ।

२) मूल्याङ्कन समितिको निर्णय अनुसारका कृषि यान्त्रीकरण तथा औजार उपकरणको , ब्राण्ड/मोडेल/क्षमता र अनुदान रकम सम्बन्धि निर्णय यो सम्झौताको अभिन्न अंग हुने छ ।

३) आपूर्तिकर्ताले निम्न बुँदाहरू अनुसारका शर्तहरू पुर्ण रुपले पालना गर्नुपर्नेछ ।

क. साझेदारले कृषि यन्त्र उपकरण तथा औजार बुझ्ने समयमा स्वलगानी तर्फको रकम आपूर्तिकर्ताको बैक खातामा जम्मा गर्नुपर्नेछ ।

ख. आपूर्तिकर्ताले शर्त (क) अनुसार समयमा साझेदारलाई कृषि कृषि यान्त्रीकरण तथा औजार उपकरण उपलब्ध नगराएमा साझेदारले कृषि बिकास शाखामा जानकारी गराउनुपर्ने छ। सो अवस्थामा कृषि बिकास शाखाले प्रचलित कानून बमोजिम असुल उपर गर्न सकिने छ ।

ग. मुल्याङ्कन समितिबाट स्वीकृत अनुदान रकम भन्दा बढी कृषि यान्त्रीकरण तथा औजार उपकरण बिक्री गरेमा विक्री गरिएको कृषि यन्त्र उपकरण तथा औजारमा अनुदान दिइने छैन सो को जिम्मेवारी आपूर्तिकर्ता स्वयं नै हुने छ ।

घ. आपूर्तकर्ताले अनुदान लिने साझेदारलाई कृषि यान्त्रीकरण तथा औजार उपकरण संचालन तथा मर्मत सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्ने छ ।

ङ. अनुदानमा वितरित कृषि यन्त्र उपकरण तथा औजारमा अनुसूचि-८ को ढाँचा अनुसार प्रिन्ट वा प्लेट लेखी अनिवार्य टाँस गर्नुपर्ने छ।

४) साझेदारले निम्न बुँदाहरू अनुसारका शर्तहरू पुर्ण रुपले पालना गर्नुपर्ने छ :-

क. साझेदार कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने छ ।

ख. अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरण कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

ग. साझेदारले स्वलगानी तर्फको रकम कृषि यन्त्र उपकरण तथा औजार बुझ्ने समयमा सम्झौता भएका आपूर्तिकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

घ. अनुसुची – ७ अनुसार भएको सम्झौता बमोजिम साझेदारले बूढानीलकण्ठ नगरपालिकाबाट प्राप्त गर्ने अनुदान रकम आपूर्तिकर्तालाई भुक्तानी गर्न समन्वय गर्नुपर्ने छ ।

५) सम्झौतामा उल्लेख भएको कुराहरू सम्झौता बमोजिममा र अन्य कुराहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ

६) कुनै कुराहरू स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही गरी टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार बढानीलकण्ठ नगरपालिकाबाट भएको निर्णय अन्तिम हुनेछ ।

७) यस कार्यको सम्झौता आजका मिति देखि प्रारम्भ हुनेछ ।

८) उपरोक्त अनुसारका आपूर्तिकर्ता र साझेदार दुबै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

| साझेदारको तर्फबाट | आपूर्तिकर्ताको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम/थरः | नाम/थरः |
| पदः | पदः |
| मितिः | मितिः |
| सस्थाको नामः | सस्थाको छापः |

**अनुसूची – ८**

**( दफा ११ सँग सम्बन्धित)**

**अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यान्त्रीकरण तथा औजार उपकरण आपूर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा**

| |
|---|
| स्थानिय सरकार<br>बागमति प्रदेश, हेटौडा<br>बूढानीलकण्ठ नगरपालिका, कृषि बिकास शाखा<br>बाट अनुदान प्राप्त<br>आ.व. :- .........................<br>आपुर्तिकर्ता : ................... |

प्रमाणिकरण मिति : २०७७।६।५

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत